# शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## काटाकुटी, दोलखा

## उत्पादन साझेदारी कार्यक्रमको लागी प्रस्ताव पेश गरी सुचिकृत हुने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ. व ०७६/०७७ को स्वीकृत **"उत्पादन साझेदारी कार्यक्रम"** संचालन गर्नको लागी इच्छुक कृषि कृषि सहकारी संस्था, कृषक समुह, विषयगत फर्म र सामुदायिक वन उपभोक्ता समूहहरुले यहि मिति २०७६/०९/१८ देखि २०७६/१०/०३ गते सम्म कृषि तथा पशुपन्छी शाखा, शैलुङ गाउँपालिकामा देहायका विषय सम्बन्धी प्रस्ताव-पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | पेश गर्नुपर्ने प्रस्तावको विषय | पेश गर्नुपर्ने कागजात | उपलब्ध हुन सक्ने अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | टनेलमा अर्गानिक तरकारी खेती कार्यक्रम | कृषि कृषि सहकारी, कृषक समूह, विषयगत फर्मको हकमा प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताव-पत्र, विषयगत फर्मको हकमा स्थायी लेखा नं.(PAN No.), इजाजत पत्र, ०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र र सम्बन्धित वडाको सिफारिस समेत संलग्न गर्नु पर्नेछ । | कुल लागतको बढीमा ५०% | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा कम्तिमा १०० वटा विरुवा रोपी खेति गर्नुपर्नेछ भने तरकारी, फूल तथा फलफूल र अन्य खेतिको हकमा ५ रोपनी जग्गामा खेति गर्नु पर्नेछ । |
| २ | चिया, कफी खेती कार्यक्रम | | | |
| ३ | फूल तथा फलफुल खेती कार्यक्रम | | | |
| ४ | व्यवसायिक किवी खेती कार्यक्रम | | | |
| ५ | अलैची खेती कार्यक्रम | | | |
| ६. | उन्नत जातको गाई भैंसी पालन कार्यक्रम | कृषि कृषि सहकारी, कृषक समूह, विषयगत फर्मको हकमा प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताब-पत्र र विषयगत फर्मको हकमा स्थायी लेखा नं.(PAN No.), इजाजत पत्र, ०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र र सम्बन्धित वडाको सिफारिस समेत संलग्न गर्नु पर्नेछ । | प्रति गोटा रू. १०,०००/- | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा गरिने उन्नत जातको गाई भैंसी पालनको लागी कम्तिमा ५ ओटा गाई वा भैंसी पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |
| ७ | बंगुर पालन कार्यक्रम, | | प्रति गोटा रू. ३,०००/- | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा गरिने बंगुर पालनको लागी कम्तिमा १० ओटा बंगुर पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |
| ८ | माउ बाख्रा पालन कार्यक्रम | | प्रति गोटा ५,०००/- | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा गरिने माउ बाख्रा पालनको लागी कम्तिमा १० ओटा बाख्रा (माउ) पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |
| ९ | लोकल जातको कुखुरा/बट्टाई/ हाँस / टर्की पालन कार्यक्रम | | प्रति गोटा १००/- | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा गरिने लोकल जातको कुखुरा/बट्टाई/हाँस/ टर्की पालनको लागी कम्तिमा १५० ओटा लोकल जातको कुखुरा/बट्टाई/हास/ टर्की पालन गर्ने गरि प्रस्ताव पेश गर्नु पर्नेछ । |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १० | माछा पालन कार्यक्रम | | प्रति रोपनी १ लाख ५० हजार | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा कम्तिमा १ रोपनी जग्गामा ७००० भुरा माछा पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |
| ११ | जडिबुटी खेती कार्यक्रम | सामुदायिक वन उपभोक्ता समुहको दर्ता प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताव-पत्र, लेखा परीक्षण प्रतिवेदन र सम्बन्धित वडाको सिफारिस पेश गर्नु पर्नेछ । | कुल लागतको बढीमा ५०% | कृषि सहकारी, कृषक समूह तथा विषयगत फर्म द्वारा कम्तिमा १० रोपनी जग्गामा खेती गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |

१. सूचिकृत हुन प्रस्ताव-पत्र पेश गर्ने कृषि सहकारी, कृषक समूह, विषयगत फर्म, सामुदायक वन उपभोक्ता समूहको कार्यक्षेत्र, मूख्य कार्यालय र सदस्य शैलुङ गाउँपालिका भएको हुनु पर्नेछ ।

२. माथि उल्लेखित कार्यक्रममा सूचिकृत हुन २१ वर्ष देखि ५० वर्ष उमेर भित्रका संलग्न हुनु पर्नेछ ।

३. सूचिकृत भएका विषयगत फर्म, कृषक समूह, कृषि सहकारी र सामुदायिक वन उपभोक्ता समूहहरु मध्ये उत्पादन साझेदारी कार्यक्रमकोको लागि छनौट भएका विषयगत फर्म, कृषक समूह, कृषि सहकारी र सामुदायिक वन उपभोक्ता समूहहरु तथा बैकल्पिक सूचीमा छनौट भएका विषयगत फर्म, कृषक समूह, कृषि कृषि सहकारी र सामुदायिक वन उपभोक्ता समूहहरुको सूची गाउँ कार्यपालिकाले निर्णय अनुसार प्रकाशन गरिनेछ ।

४. छनौट भएका विषयगत फर्म, कृषक समूह, कृषि सहकारी र सामुदायिक वन उपभोक्ता समूहहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफ्नो विषयगत फर्म, कृषक समूह, कृषि सहकारी र सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको बैंक खातामा साझेदारी गर्न चाहेको रकम जम्मा गरी रकम जम्मा भएको पुष्टी हुने कागजात कार्यालयमा पेश गरी सम्झौता गर्नु पर्नेछ । यदि तोकेको समय भित्र सम्झौता गर्न नआएमा बैकल्पिक सूचीमा रहेका विषयगत फर्म, कृषक समूह, कृषि सहकारी र सामुदायिक वन उपभोक्ता समूहहरुलाई सम्झौताका लागी सूचित गरिनेछ ।

५. गाउँपालिका द्वारा उपलब्ध गराउने साझेदारी वापतको रकम कार्यक्रम संग सम्बन्धित प्राविधिकको मुल्यांकन र कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भए पश्चात मात्र उपलब्ध गराइनेछ ।

६. स्वीकृत भएको प्रस्ताव बमोजिम कार्यक्रम गर्दा नयाँ वा थप कार्यक्रममा मात्र अनुदान उपलब्ध हुनेछ ।

७.स्वीकृत भएको कार्यक्रम कार्यान्वयन गर्दा विषयगत फर्म, कृषि सहकारी कृषक समूह, सामुदायिक वन उपभोक्ता समूहले गाउँपालिकाले तोकेको शर्तहरु पालना गर्नु पर्नेछ ।

८.यदि रू. ६५,००,०००/- (पैसठ्ठी लाख) भन्दा बढी रकम माग भएमा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

९. यसमा उल्लेख भएका बुँदा/व्यहोरा बाहेक अन्य व्यवस्था गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१०.गत आ.व.मा गाउँपालिका सँग साझेदारी कार्यक्रम संचालन नभएका कृषि सहकारी, कृषक समूह, विषयगत फर्म वा सामुदायिक वन उपभोक्ता समूहलाई कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

...........................

बिष्णु बहादुर कार्की

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत